राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

मिति २०७६ असोज २८

## आप्रवासी कामदार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको सुरक्षा व्यवस्थापन सम्बन्धमा गृह सचिवसँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगले आगामी कार्तिक २६ देखि २८ गते (सन् २०१९ नोभेम्बर १२ देखि १४) सम्म नेपालमा हुन गैरहेको आप्रवासी कामदार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका सहभागीहरुको सुरक्षा तथा भिसा प्रक्रिया लगायतका अन्य आवश्यक व्यवस्थापन सम्बन्धमा नेपाल सरकार गृहमन्त्रालयका सचिव प्रेम कुमार राई लगायतको टोलीसँग आज आयोगमा छलफल गरेको छ ।

सम्मेलनबारे जानकारी गराउँदै आयोगका माननीय सदस्य सुदिप पाठकले हालसम्म Globle Alliance for NHRIs (GANHRI) का अध्यक्ष, मानव अधिकार राष्ट्रिय संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, सरकारी निकायका प्रतिनिधिहरु, विज्ञ र नागरिक समाजका प्रतिनिधिहरु सहित २४ देशका ४९ जनाको सहभागिता सुनिश्चित भैसकेको जानकारी गराउनुभयो । साथै उहाँले सम्मेलनमा सहभागी हुन आउने सम्पुर्ण विशिष्ट व्यक्तित्वहरुको सुरक्षा, भिसा प्रक्रियाका लागि आवश्यक व्यवस्था मिलाउन आग्रह गर्नु भयो । सो क्रममा गृह सचिव प्रेम कुमार राईले सम्मेलनमा सहभागीहरुको सुरक्षा, भिसा प्रक्रिया सम्बन्धमा आवश्यक सहयोग गर्ने बताउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य सुदिप पाठकको संयोजकत्वमा भएको उक्त छलफलमा अध्यागमन विभागका महानिर्देशक ईश्वरराज पौडेल, आयोगका निर्देशकहरु मुरारिप्रसाद खरेल र नवराज सापकोटा, सीमा तथा अध्यागमन शाखाका उपसचिव परामानन्द घिमिरे एवं आयोगका सम्बन्धित कर्मचारीहरुको सहभागिता रहेको थियो ।

मुरारिपसाद खरेल
निर्देशक

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org